# सागर डिष्टिलरी लिमिटेडको
# तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

## दोश्रो पटक प्रकाशित मिति २०८२/०९/०५

आदरणीय शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२।०९।०३ गते बिहिबार दिनको ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८२।०९।२७ गते, आइतबार (तदनुसार ११ जनवरी २०२६)
समय : बिहान ९:३० बजे।
स्थान : इला रिसोर्ट, गैंडाकोट, नवलपुर

**छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने।
३. आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (हालको लेखापरिक्षक लालवानी ऐण्ड एसोसिएट्सका लेखा परिक्षक निश्चल लालवानीज्यू पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छा),
४. सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने।
५. संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालकज्यूको नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धमा,

**ख) विशेष प्रस्तावः**

१. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) बमोजिम कम्पनीको व्यवसाय सचालनको लागि कर्जा प्राप्त गर्ने र सोसँग सम्बन्धित अख्तियारी सम्बन्धमा।

**ग) विविध।**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीः**

१. तेस्रो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१४ गते (१) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ। मिति २०८२/०९/१३ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन तथा मतदान दिन सक्नेछन्।
२. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ८:३० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको (डिम्याट)/शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउनु हुन अनुरोध छ अन्यथा सभा हुने स्थानमा प्रवेश गरी छलफल तथा मतदानमा भाग लिन पाईने छैन।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यालयमा (काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ०१, लालकोलोनी मार्ग) दर्ता गराउनु पर्नेछ। प्रोक्सी दर्ता गरिसकेपछि सो वदर गराउन चाहेमा सोको सूचना सभा हुनुभन्दा २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नुपर्नेछा प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफैसँग बाँकी राखी प्रतिनिधि मुकरर गर्न पाईने छैन। सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछा प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ।
५. सर्वसाधरण समुहको निर्वाचन सम्बन्धी कार्यक्रम वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको कर्पोरेट कार्यालय लालदरबार काठमाण्डौको सूचना पटीमा टाँस गरिनेछ।
६. सञ्चालक निर्वाचन सम्बन्धमा कम्पनीको कर्पोरेट कार्यालय स्थित सागर डिष्टिलरी लिमिटेड, निर्वाचन अधिकृतको कार्यालय, काठमाडौं - ०१, काठमाडौंले प्रकाशन गरेको निर्वाचन कार्यतालिका अनुसार हुनेछ।
७. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ।
८. प्रतिनिधि नियुक्त गर्ने शेयरधनी कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाले नियुक्ती गर्ने व्यक्तिको नाम ठेगाना र परिचयपत्र सहित सो संस्था वा कम्पनीको आधिकारिक लेटरहेडमा सो कुरा खुलाई संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ। संस्थागत शेयरधनी बाहेक अरुले प्रतिनिधि नियुक्त गर्दा प्रोक्सी मार्फत कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र गर्न सकिनेछ।
९. विविध शीर्षक अन्तर्गत सभामा छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा सात दिन अगावै छलफलको विषय खोली कम्पनी सचिव मार्फत लिखित रुपमा सञ्चालक समितिका अध्यक्षलाई जानकारी दिनुपर्नेछ।
१०. संचालक निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय काठमाडौ - १ स्थित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।
११. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय काठमाडौ-१ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेवसाईट www.sagardistilleries.com मा हेर्नुहुन अनुरोध छ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोटःयस कम्पनीको तेस्रो वार्षिक साधारण सभा सम्बन्धमा मिति २०८२/०९/०४ गते नेपाल समाचारपत्रमा प्रकाशित सूचनामा छलफलका विषयहरु अन्तर्गत भुलवश विशेष प्रस्ताव उल्लेख गर्न छुट भएको हुनाले यसै सूचना मार्फत् सो सच्याई प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

SAGAR DISTILLERY
**सागर डिष्टिलरी लिमिटेड**
रजिष्टर्ड कार्यालयः देवचुली-१, केउरेनी, नवलपुर
कर्पोरेट कार्यालयः काठमाडौं-१, लाल कोलोनी मार्ग
ईमेलः marketing@sagardistilleries.com
वेभसाईटः www.sagardistilleries.com